जि.प्रशा.का.दर्ता नं. १७१/०८०/८१

"निष्पक्ष जनपक्षीय सवालको निर्भीक आवाज"

# संवाहक

राष्ट्रिय दैनिक Samvahak National Daily

सूचना

संवाहक राष्ट्रिय दैनिकको लागि स्तरीय लेख, रचना, फिचर, प्रेस विज्ञप्ति, आदि प्रेषित गर्न चाहनु हुन्छ भने कृपया विज्ञापनको लागि फोन नं.: ९८०६८१४३०२ मा प्रेषित गर्नुहोला।

वर्ष : ४ अंक : ४८ २०८३ साल जेष्ठ २० गते, बुधबार Wednesday, June.– 03 2026 मूल्य रु. ५/- पृष्ठ : ४

## मन्त्रिपरिषद्का निर्णय समितिको म्याद थपदेखि एआईजी बढुवासम्म

*काठमाडौं, जेठ १९ –*
मन्त्रिपरिषद् बैठकले भदौ २३ र २४ गतेका घटनासम्बन्धी जाँचबुझ आयोगको प्रतिवेदनमा उल्लेखित सुरक्षा संयन्त्रका विषय अध्ययन गर्न गठित समितिको कार्यावधि ४५ दिन थप गर्ने निर्णय गरेको छ।



मंगलबार सिंहदरबारमा बसेको बैठकका निर्णय सार्वजनिक गर्दै सरकारका प्रवक्ता तथा शिक्षामन्त्री सस्मित पोखरेल ले समितिलाई थप अध्ययन र सिफारिसका लागि समय दिइएको जानकारी दिए।

बैठकले भूमि समस्या समाधान समितिको अध्यक्षमा बलभद्र बास्तोला लाई नियुक्त गरेको छ। सदस्यहरूमा अमिर प्रसाद न्यौपाने, पद्मनिती सोती र डा. रोना श्रेष्ठ लाई मनोनयन गरिएको छ।

त्यसैगरी, सशस्त्र प्रहरी बल नेपाल को रिक्त अतिरिक्त महानिरीक्षक (एआईजी) पदमा अन्जनी कुमार पोखरेल लाई बढुवा गर्ने निर्णय पनि मन्त्रिपरिषद्ले गरेको छ। बैठकले ओजोन तह संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय दायित्व कार्यान्वयनका लागि संयुक्त राष्ट्रसंघीय वातावरण कार्यक्रम अन्तर्गतको मोन्ट्रियल प्रोटोकल कार्यान्वयनसम्बन्धी सम्झौता स्वीकृत गरेको छ।

निर्णय सार्वजनिक गर्दै प्रवक्ता पोखरेलले नेपाल-भारत सीमा समस्याको समाधान संवाद र

बाँकी तेस्रो पृष्ठमा

## महिला अधिकार र लैङ्गिक न्यायका विषयमा बारामा राष्ट्रिय महिला आयोगको छलफल

*संवाहक सम्वाददाता-१९ बैशाख, कलैया*
राष्ट्रिय महिला आयोगले महिला तथा बालबालिकाको हकअधिकार कार्यान्वयनको अवस्था तथा लैङ्गिक न्यायका सवालमा बाराका सरोकारवालासँग छलफल गरेको छ।



आयोगकी सदस्य विद्या कुमारी सिन्हाको विशेष उपस्थितिमा जिल्ला प्रशासन कार्यालय बाराको सभाहलमा मंगलवार आयोजित कार्यक्रम प्रमुख जिल्ला अधिकारी धर्मेन्द्र कुमार मिश्रको अध्यक्षतामा सम्पन्न भएको हो।

छलफलका क्रममा सदस्य सिन्हाले महिला तथा बालबालिकामाथि हुने हिंसा तथा अधिकार हननका घटनामा पीडितहरूले आयोगको टोल-फ्री नम्बर ११४५ मा सम्पर्क गरी उजुरी दर्ता गर्न सक्ने जानकारी दिइन्। उनले आयोगले पीडितलाई कानुनी सहायता, प्रहरी-प्रशासनसँग समन्वय तथा अदालतसम्म पैरवीका लागि आवश्यक सहजीकरण गर्दै आएको बताइन्।

उनले विशेषगरी मधेश प्रदेश तथा बारा जिल्लामा महिला तथा बालबालिकामाथि हुने हिंसा, घरेलु उत्पीडन, बहुविवाह, बालविवाह तथा कार्यस्थलमा हुने लैङ्गिक हिंसाको अवस्थाबारे सरोकारवालासँग जानकारी लिएकी थिइन्। महिला आयोग सम्पुर्ण महिलाको मुद्दा हेर्ने भएकोले घटना स्थल र पिडितको उजुरीको छानबिन गरि कार्यन्वयन भए नभएको सत्य तथ्य रिपोर्ट सरकारसमक्ष सिफारिस गर्ने काम गर्दै आएको हो। बारा विभिन्न मुद्दामा परेको उजुरी प्रहरी प्रशासनबाट आनाकानी भएको उल्टै पिडितले हप्कीदब्की खेप्नु परेको विडयमा चमसो लिएकी हुन्। समाजमा चेतनाको अभाव,

बाँकी तेस्रो पृष्ठमा

## मेयर राजेशमान सिंह धरौटीमा रिहा

*संवाहक सम्वाददाता-१९ बैशाख, कलैया*
झुठो विवरण पेश गरी नागरिकता बनाएको तथा लिखतसम्बन्धी (किर्ते) कसूर मुद्दामा पक्राउ परेका राजेशमान सिंह धरौटीमा रिहा भएका छन्।



पर्सा जिल्ला अदालत को आदेशअनुसार तोकिएको धरौटी रकम बुझाएपछि सिंह रिहा भएका हुन्।


अदालतले झुठो विवरण पेश गरी नागरिकता बनाएको आरोपमा १५ हजार रुपैयाँ र लिखतसम्बन्धी (किर्ते) कसूरमा ४ लाख रुपैयाँ गरी कुल ४ लाख १५ हजार रुपैयाँ धरौटी माग गरेको थियो। सोही रकम बुझाएपछि उनी थुनामुक्त भएका हुन्।

सिंहमाथि नक्कली कागजातका आधारमा अर्कैकी छोरीलाई आफ्नै छोरीका रूपमा प्रस्तुत गरी नागरिकता तथा अन्य सरकारी कागजात बनाउन सहयोग गरेको आरोप छ। उक्त आरोपबारे अनुसन्धान जारी रहेको प्रहरीले जनाएको छ। यसअघि अदालतबाट पक्राउ पुर्जी जारी भएपछि प्रहरीले उनलाई नियन्त्रणमा लिएर अदालतमा उपस्थित गराएको थियो। अदालतले प्रारम्भिक सुनुवाइपछि धरौटीमा रिहा गर्दै मुद्दाको थप कानुनी प्रक्रिया अगाडि बढाउने आदेश दिएको छ।

उक्त प्रकरण अहिले पनि अनुसन्धान तथा न्यायिक प्रक्रियामै रहेको छ।

## मापदण्ड नपुगेका चार निजी विद्यालय बन्द, भर्ना नगर्न अभिभावकलाई आग्रह





जीतपुरसिमरा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जीतपुर, बारा
मधेश प्रदेश नेपाल

मिति: २०८३/०२/

सूचना।

विषय: विद्यालय बन्द गरिएको सम्बन्धमा।

प्रस्तुत विषयमा यस उपमहानगरपालिका अन्तर्गत सञ्चालित तपसिलका संस्थागत विद्यालयहरुलाई हाल विविध कारणले यस पालिकाको इमिस (EMIS) बाट हटाईएको हुदाँ उक्त विद्यालयहरुमा अभिभावकहरुले आ-आफ्ना छोराछोरीहरुलाई भर्ना नगराउन हुन सम्बन्धीत सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल:
१. रोज एकेडेमी, जीतपुरसिमरा उपमहानगरपालिका वडा नं. ३
२. माउन्ट एभरेष्ट, जीतपुरसिमरा उपमहानगरपालिका वडा नं. २
३. अम्ब्रेला अग्रेजी बोर्डिङ स्कुल, जीतपुरसिमरा उपमहानगरपालिका वडा नं. ७
४. बाबुलाल एकेडेमी, जीतपुरसिमरा उपमहानगरपालिका वडा नं. १९

बोधार्थ:
श्री नगर प्रमुख / उपप्रमुखज्यू जानकारीका लागि अनुरोध।
श्री शिक्षा तथा मानवस्रोत विकास केन्द्र, सानोठिमी भक्तपुर।
श्री शिक्षा विकास तथा समन्वय इकाइ, कलैया, बारा।

*संवाहक सम्वाददाता-१९ बैशाख, कलैया*
जितपुरसिमरा उपमहानगरपालिकाले कानुनी तथा शैक्षिक मापदण्ड पूरा नगरेका चारवटा निजी विद्यालयलाई एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (EMIS) बाट हटाउँदै सञ्चालन बन्द गरेको छ। उपमहानगरपालिकाले मंगलबार सार्वजनिक सूचना जारी गर्दै विद्यालयहरूलाई शैक्षिक अभिलेखको आधिकारिक सूचीबाट हटाइएको जानकारी दिएको हो। साथै, अभिभावकहरूलाई ती विद्यालयमा आफ्ना बालबालिका भर्ना नगर्न आग्रह गरेको छ।

उपमहानगरपालिकाको जेठ १९ गतेको निर्णयअनुसार वडा नं. ३ स्थित रोज एकेडेमी, वडा नं. २ को माउन्ट एभरेष्ट, वडा नं. ७ को अम्ब्रेला अंग्रेजी बोर्डिङ स्कुल तथा वडा नं. १९ को बाबुलाल एकेडेमी लाई इमिस प्रणालीबाट हटाइएको हो। पालिकाका अनुसार ती विद्यालयहरूले आवश्यक भौतिक पूर्वाधार, योग्य शिक्षक व्यवस्थापन, वित्तीय पारदर्शिता तथा विद्यार्थी सुरक्षासम्बन्धी न्यूनतम मापदण्ड पूरा गर्न सकेका थिएनन्। शिक्षा शाखाले पटक-पटक निर्देशन, सचेतना तथा सुधारका लागि समयसीमा दिए पनि विद्यालय सञ्चालकले आवश्यक सुधार नगरेपछि कारबाही गरिएको जनाएको छ।

उपमहानगरपालिकाले इमिस प्रणालीमा सूचीकृत हुनु विद्यालयको कानुनी तथा शैक्षिक मान्यताका लागि अनिवार्य रहेको उल्लेख गर्दै अभिभावक तथा सरोकारवालालाई सचेत रहन आग्रह गरेको छ।

स्थानीय तहको यो कदमलाई विद्यालय शिक्षामा गुणस्तर, जवाफदेहिता र कानुनी मापदण्ड कार्यान्वयनतर्फको कडा पहलका रूपमा हेरिएको छ। यसले नगरभित्र सञ्चालनमा रहेका अन्य निजी विद्यालयलाई समेत तोकिएका मापदण्ड पालना गर्न दबाब बढाएको छ।

## वीरगञ्ज मेनरोड विस्तार रोक्न माग, गर्दै माइतीघरमा स्थानीयको प्रदर्शन

*संवाहक सम्वाददाता-१९ बैशाख, कलैया*
वीरगञ्जको मुख्य सडक (मेनरोड) विस्तार कार्य रोक्न माग गर्दै स्थानीयवासीहरूले काठमाडौंमा प्रदर्शन गरेका छन्।




वीरगञ्जको मेनरोडलाई शहरी मार्गका रूपमा कायम गर्नुपर्ने मागसहित उनीहरूले मंगलबार माइतीघर मण्डलामा विरोध प्रदर्शन गरेका हुन्। प्रदर्शनकारीहरूले "डोजर आतंक बन्द गर", "वीरगञ्जलाई न्याय देऊ" जस्ता नारा लगाउँदै विकासको नाममा विनाश गर्न नहुने बताएका छन्।

सडक विस्तारका क्रममा दशकौंदेखि कानुनी प्रक्रिया पूरा गरी निर्माण गरिएका घर तथा व्यवसायिक संरचना भत्काइने तयारीले ठूलो संख्यामा परिवार विस्थापित हुने उनीहरूको दाबी छ।

वीरगञ्ज सडक पीडित संघर्ष समितिका संयोजक कुन्दन रौनियार ले मुआव्जासम्बन्धी मुद्दा सर्वोच्च अदालत मा दायर भए पनि लामो समयदेखि सुनुवाइ नहुँदा पीडितहरू अन्योलमा परेको बताए। उनले मेनरोडलाई शहरी मार्गका रूपमा नै कायम गर्नुपर्ने माग दोहोर्याए।

प्रदर्शनकारीहरूले तत्काल सडक विस्तार कार्य रोक्न र पीडितको माग सम्बोधन गर्न सम्बन्धित निकायसँग आग्रह गरेका छन्।

"सत्य वस्तुत अन्त सम्म नै सत्य नै रहन्छ !"
- सेक्सपियर


प्रकाशक/सम्पादक
पन्नालाल दास
सम्पर्क नं.:- ९८४५२१७०१९
९८०६८१४३०२

सह-सम्पादक
मुन्ना कुमार

सामाचार सम्पादक
सरोज दास

कानुनी सल्लाहकार
परमहंस केशरी/
श्याम बिहारी कुशवाहा

कम्प्यूटर सेटिङ्ग
म. फरिद

Email: samvahakdaily1@gmail.com
Website: samvahakdaily.com

प्रधान कार्यालय:
कलैया उपमहानगरपालिका
शाखा कार्यालय: कलैया-१, बारा

मुद्रक: शुभ लक्ष्मी अफसेट प्रेस, वीरगंज


## सम्पादकीय ........

### सीमामा थन्किएको बीउ र राज्यको मौनता

वीरगञ्जबाट मटिअर्वासम्म ठूलो परिमाणमा चिनियाँ फर्सीको बीउ कानुनी प्रक्रिया पूरा नगरी सारिएको आरोप गम्भीर विषय हो। यदि ११२ बोरा बीउ वास्तवमै आवश्यक चलान, VCTS प्रविष्टि र अन्य राजस्वसम्बन्धी कागजातबिना सीमावर्ती गोदाममा भण्डारण गरिएको हो भने यो केवल प्रशासनिक कमजोरी मात्र नभई सम्भावित राजस्व चुहावटको संकेत पनि हो।

सीमावर्ती क्षेत्रमा हुने यस्ता गतिविधिले राज्यको राजस्वमा नोक्सानी पुऱ्याउनुका साथै तस्करी र अवैध व्यापारलाई समेत प्रोत्साहन गर्छ। अझ दशगजा क्षेत्र नजिकै मालसामान लामो समयसम्म थन्किनु र त्यसबारे सम्बन्धित निकायले स्पष्ट जवाफ नदिनु चिन्ताजनक पक्ष हो। राजस्वको विषय भन्दै सुरक्षा निकाय पन्छिन खोज्नु र सुरक्षा संवेदनशीलताको विषय भन्दै राजस्व निकाय मौन बस्नु दुवै अवस्था स्वीकार्य हुन सक्दैन।

यस्ता घटनामा सत्यतथ्य के हो भन्ने कुरा छानबिनबाट मात्रै पुष्टि हुन्छ। त्यसैले भन्सार, राजस्व अनुसन्धान, प्रहरी र स्थानीय प्रशासनले समन्वय गरी तत्काल निष्पक्ष अनुसन्धान गर्नुपर्छ। यदि कानुन उल्लंघन भएको पुष्टि भए दोषीमाथि कारबाही हुनुपर्छ, अन्यथा उठेका आशंकालाई तथ्यसहित खण्डन गर्नुपर्छ। सीमा क्षेत्र राज्यको कमजोर उपस्थिति देखाउने थलो होइन। कानुन सबैका लागि समान रूपमा लागू हुने वातावरण निर्माण गर्नु नै सुशासनको आधार हो। मटिअर्वाको यो घटनाले फेरि एकपटक सीमामा हुने व्यापार, भण्डारण र राजस्व निगरानी प्रणाली कति प्रभावकारी छ भन्ने प्रश्न उठाएको छ, जसको जवाफ सम्बन्धित निकायले दिनैपर्छ।

# एक जुगको एक दिन




इतिहास आफैँ बन्दैन, हामीले बनाउने हो। राम्रो कर्म गरे इतिहास आफैँ बन्छ। विसं २०६५ जेठ १५ गते राति ९ बजे संविधान सभाको पहिलो बैठकमा राखिएको प्रस्ताव पारित गर्न गुन्जिएको तालीको गड्गडाहडले नयाँ इतिहास रच्यो। 'राजतन्त्र' समाप्त भयो, मुलुकले सङ्घीय लोकतान्त्रिक गणतन्त्रको नयाँ यात्रा सुरु गऱ्यो।

१०४ वर्षको जहाँनियाँ राणा शासन अनि २४० वर्ष नेपाली शाहवंशीय राजसंस्थाको अर्थात् राजतन्त्रदेखि गणतन्त्रसम्म आइपुग्दा नेपाली इतिहासका धेरै पाना फेरिएका छन्। गिरिजाबाबुले भने जस्तै 'एक जुग एक पटक मात्रै आउँछ...।' २०६२/६३ सालको जनआन्दोलन नेपाली राजनीतिक जुगको त्यस्तै एउटा मोड बनिदियो। त्यो केवल आन्दोलन मात्रै नभई नेपाली नागरिकको सार्वभौम/स्वाभिमान र लोकतान्त्रिक जागरणको एउटा विस्फोट पनि थियो। नेपाली जनताले आफ्नो भाग्य आफैँले लेख्दै थिए- लोकतान्त्रिक गणतन्त्र नेपालको एउटा नयाँ अनि उज्यालो क्यानभासमा। शताब्दीयौँदेखि सिंहदरबार र दरबारबिच बाँडिएको शक्तिको केन्द्र अन्ततः जनतामाझ आइरहेको समय थियो। इतिहासको त्यही मोडमा आफ्नो सारा राजनीतिक जीवन दाउमा लगाएर उभिएको एउटा अडान, अडिग र इतिहाससँग जुध्दै आएको एउटा राजनीतिक चेतले अग्लिएको मान्छे ठिङ्ग उभिएको थियो- गिरिजाप्रसाद। मौसम जति तातो थियो, सडकमा लोकतन्त्रका नारा पनि त्यही गतिमा घन्किरहेका थिए। लाग्थ्यो काठमाडौँको हावामा बारुदको गन्ध मिसिएको छ। त्यससँगै एउटा नयाँ आशाको सुवास पनि फैलिरहेको थियो। जनआन्दोलनको ज्वारले दरबारको हजारौँ वर्ष पुरानो अहङ्कार हल्लाइसकेको थियो। वैशाख ११ गते पुनर्स्थापित प्रतिनिधि सभाले देशको राजनीतिक दिशालाई नयाँ मोड दिइसकेको थियो। त्यसको केही दिनपछि अर्थात् जेठ ४ गते संसद्ले तत्कालीन राजा ज्ञानेन्द्र शाहका सबै अधिकार कटौती गरिदियो। त्यो क्षण नेपालको इतिहासमा एकदमै अद्भुत र अद्वितीय पनि थियो। राजा थिए तर उनीसँग केही थिएन। कोही थिएनन्। दरबार थियो, अधिकार थिएन। संविधानको पुरानो संरचना भत्किएको थियो तर नयाँ संरचना पूर्णतः बनिसकेको थिएन। त्यसबिचको त्यो सङ्क्रमणकालीन रिक्ततामा एउटा सामान्य नागरिक राष्ट्राध्यक्ष र सरकार प्रमुख दुवैको भूमिकामा देश चलाइरहेका थिए- गिरिजाप्रसाद। विश्व राजनीतिक इतिहासमा समेत दुर्लभ मानिने त्यो परिस्थिति नेपालको लोकतान्त्रिक यात्राको सबैभन्दा मौलिक अध्याय बन्न पुग्यो। त्यो यात्राको बाटो सहज थिएन।

देश द्वन्द्वले थिलथिलो भइसकेको थियो। एकातिर दशकौँदेखि राज्यसत्ताको वरिपरि हुर्किएको राजसंस्था थियो, अर्कोतिर १० वर्षदेखि बन्दुक बोकेर जङ्गलमा युद्ध गरिरहेको माओवादी आन्दोलन। जनताले परिवर्तन चाहन्थे तर परिवर्तनको मूल्य फेरि रगत नहोस् भन्ने डर पनि थियो। यही भय, आशा र अनिश्चितताका बिचमा गिरिजाबाबु आफ्नै राजनीतिक जीवनलाई दाउमा लगाएर इतिहाससँग सौदा होइन, बरु त्यसलाई मोड्ने प्रयास गरिरहनुभएको थियो। त्योबेला माओवादीको अडान स्पष्ट थिय- राजतन्त्रको अन्त्य ! उनीहरूका लागि त्यो युद्धको मूल राजनीतिक लक्ष्य थियो। गिरिजाबाबुले राजनीति केवल भावनाले होइन, सम्भावनाले चलाउनु पर्छ भन्ने बुझ्नुभएको थियो। उहाँलाई थाहा थियो- २४० वर्ष पुरानो राजसंस्थाको अन्त्य घोषणा गर्नु भनेको केवल एउटा शासनप्रणाली हटाउनु मात्र होइन, त्यो भनेको सारा देशको ऐतिहासिक कल्प अनि पूरै अन्तर्राष्ट्रिय केन्द्रसँग पनि टक्कर लिनु थियो।

गिरिजाबाबुले माओवादीलाई जङ्गलबाट डोहोऱ्याउँदै डोहोऱ्याउँदै राजनीतिको राजमार्गमा ल्याउँदा पनि राजनीतिक जीवनको एउटा अध्यायलाई बाजी थापिसक्नुभएको थियो। गिरिजाबाबु सधैँ सत्ताभन्दा प्रणालीलाई ठुलो ठान्नुहुन्थ्यो। हरेक परिवर्तनका आआफ्नै प्रक्रिया हुन्छन्। गणतन्त्र घोषणा हुनु वा गरिनु केवल राजसंस्थाको अन्त्य थिएन, त्यो त नयाँ राजनीतिक संस्कृतिको एउटा नवीनतम सुरुवात पनि थियो। त्यस कारण पनि भन्न सकिन्छ, नेपालको गणतन्त्र केवल माओवादी आन्दोलनको परिणाम होइन, गिरिजाबाबु जस्ता लोकतान्त्रिक नेताको राजनीतिक निर्णयको परिणाम पनि हो।

सात दल र तत्कालीन विद्रोही नेकपा माओवादीबिच भएको १२ बुँदे समझदारी त्यसैको उपज हो। जहाँ तत्कालीन माओवादी फेरि 'राजतन्त्रको अन्त्य' भन्ने शब्दमा अडिएको थियो। गिरिजाबाबुले अन्ततः 'निरङ्कुश राजतन्त्रको अन्त्य' भन्ने वाक्यांश राख्नुभयो। सतहमा हेर्दा त्यो सामान्य शब्द चयन जस्तो लाग्न सक्छ तर त्यसभित्र गहिरो राजनीतिक दूरदृष्टि थियो। किनकि उहाँलाई थाहा थियो- तत्कालै 'राजतन्त्र अन्त्य' को घोषणा गरिहाल्दा विद्रोहका अनेक विस्फोट हुन सक्थे। प्रतिक्रान्तिका शक्ति हिंसात्मक बन्न सक्थे, देश थप रक्तपातमा धकेलिन सक्थ्यो। गिरिजाबाबुले शब्दको चयनमै एउटा सुरक्षित राजनीतिक अवतरण खोज्नुभएको थियो।

त्यो १२ बुँदे समझदारी केवल एउटा कागजी सहमति मात्रै थिएन। त्यो नेपाललाई द्वन्द्वबाट शान्तिको बाटोतर्फ डोहोऱ्याउने ऐतिहासिक सेतु पनि थियो। त्यसमा उल्लेख गरिएको 'निरङ्कुश राजतन्त्रको अन्त्य' पछि नै संविधान सभा, शान्ति प्रक्रिया र लोकतान्त्रिक गणतन्त्रको आधार तयार भयो। त्यो सहमति गराउन गिरिजाबाबुले कति मेहनत गर्नुभएको थियो भन्ने त्यसबेलाका

बाँकी तेस्रो पृष्ठमा

# पश्चिमी दबावबिच भारतको म्यान्मा नीति

*नयाँदिल्ली, जेठ १९ गते।* पश्चिमी देशहरूले म्यान्माको सैन्य नेतृत्वलाई अन्तर्राष्ट्रिय रूपमा अलग्याउने प्रयास गरिरहेकै बेला भारतले भने सैन्य समर्थित प्रशासनसँगको संवाद र सहकार्यलाई निरन्तरता दिने स्पष्ट सन्देश दिएको छ। प्रधानमन्त्री नरेन्द्र मोदीले म्यान्माका सैन्य समर्थित राष्ट्रपति मिन आङ ह्लाइङसँग नयाँदिल्लीमा वार्ता गरेपछि भारतले 'संलग्नता नै व्यवहारिक विकल्प' भएको आफ्नो धारणा दोहोऱ्याएको हो।

भारतीय विदेश सचिव विक्रम मिस्रीले पत्रकारहरूसँग कुरा गर्दै भारतको नीति म्यान्माको 'आन्तरिक राजनीतिक व्यवस्थामाथि टिप्पणी गर्ने उद्देश्यले निर्देशित नभएको' बताउनुभयो। उहाँका अनुसार नयाँदिल्लीले म्यान्मासँग सम्बन्ध कायम राखेर अघि बढ्नु नै प्रभावकारी र उपयोगी उपाय हुने विश्वास राख्छ। सन् २०२१ मा म्यान्मा सेनाले सत्ता कब्जा गर्दै आङ सान सुकीको निर्वाचित सरकारलाई हटाएपछि अमेरिका लगायत पश्चिमी राष्ट्रहरूले त्यहाँको सैन्य नेतृत्वमाथि प्रतिबन्ध लगाएका थिए। त्यसयता विपक्षीमाथिको दमन, गृहद्वन्द्व र गम्भीर मानवीय सङ्कटका कारण सैन्य नेतृत्व अन्तर्राष्ट्रिय आलोचनाको केन्द्रमा रहँदै आएको छ। यद्यपि भारतले भने छिमेकी मुलुकसँग संवाद तोड्नु भन्दा निरन्तर सम्पर्क राख्ने नीति अपनाएको छ।

"निरन्तर वार्ता महत्त्वपूर्ण हुन्छ भन्ने सिद्धान्तमा हामी सधैँ अघि बढेका छौँ", मिस्रीले भन्नुभयो। उहाँले म्यान्मालाई अलग्गै राख्ने रणनीतिले उल्टै प्रतिकूल परिणाम दिने तर्क गर्नुभयो। "इतिहासले देखाएको छ, सम्बन्ध विच्छेदले संलग्नताभन्दा राम्रो नतिजा दिएको छैन", उहाँको भनाइ थियो।

आलोचक र मानव अधिकारकर्मीहरूले मिन आङ ह्लाइङको भारत भ्रमणले म्यान्माको सैन्य समर्थित प्रशासनलाई अन्तर्राष्ट्रिय वैधानिकता दिलाउने जोखिम बढाउन सक्ने बताएका छन्। अप्रिलमा विवादास्पद निर्वाचनपछि राष्ट्रपतिका रूपमा शपथ लिएपछि उहाँको यो पहिलो भारत भ्रमण हो। आलोचकहरूका अनुसार उक्त निर्वाचन सत्तामा सेनाको नियन्त्रण थप मजबुत बनाउन केन्द्रित थियो। यसअघि उहाँले सन् २०१९ मा म्यान्माका सैन्य प्रमुखका रूपमा भारत भ्रमण गर्नुभएको थियो।

भारत र म्यान्माबिच एक हजार ६४३ किलोमिटर लामो स्थल सीमा तथा बङ्गालको खाडी क्षेत्रमा समुद्री सीमा जोडिएको छ। भारतका लागि म्यान्मा केवल छिमेकी मुलुक मात्र नभई सुरक्षा, रणनीति र क्षेत्रीय स्थायित्वसँग प्रत्यक्ष जोडिएको साझेदार पनि हो। म्यान्माको चिन राज्य तथा



अन्य द्वन्द्वग्रस्त क्षेत्रबाट भागेका हजारौँ शरणार्थीहरूलाई भारतले आश्रय दिँदै आएको छ।

दुई देशले सीमा सुरक्षादेखि विद्रोही समूहविरुद्धको कारबाहीसम्म विभिन्न क्षेत्रमा सहकार्य गर्दै आएका छन्। सीमा आसपास सक्रिय सशस्त्र समूहहरूसँग जुध्न गुप्तचर सूचना आदानप्रदानमा पनि दुवै पक्षबिच सहयोग रहेको बताइएको छ।

मोदी र मिन आङ ह्लाइङले भेटपछि संयुक्त रूपमा सञ्चारमाध्यमलाई सम्बोधन गर्नुभएन, जबकि नयाँ दिल्ली भ्रमणमा आउने धेरैजसो विदेशी राष्ट्र वा सरकार प्रमुखहरूसँग हुने द्विपक्षीय भेटपछि यस्तो अभ्यास सामान्य मानिन्छ।

विदेश सचिव मिस्रीका अनुसार दुई नेताबिच व्यापार, रक्षा तथा सुरक्षा सहकार्य, सीमा व्यवस्थापन, क्षेत्रीय मुद्दा, आर्थिक सम्बन्ध र प्रविधि साझेदारीबारे विस्तृत छलफल भएको थियो। दुवै पक्षले व्यापार, ऊर्जा, महत्त्वपूर्ण खनिज, पूर्वाधार र क्षेत्रीय सम्पर्क विस्तारसँग सम्बन्धित प्रमुख परियोजनालाई तीव्रता दिने सहमति गरेका छन्।

वार्तामा साइबर अपराध र मानव बेचबिखन नियन्त्रणसम्बन्धी सहकार्य पनि महत्त्वपूर्ण विषयका रूपमा उठाइएको थियो। दक्षिण तथा दक्षिणपूर्वी एसियामा फैलिएका ठगी केन्द्रहरूमा फसाइएका भारतीय नागरिकहरूको विषयमा पनि छलफल भएको बताइएको छ। मिस्रीका अनुसार पछिल्ला १८ महिनामा भारत र म्यान्माले संयुक्त प्रयासमार्फत दुई हजार ४०० भन्दा बढी भारतीय नागरिकको उद्धार गरेका छन्। भारत भ्रमणका क्रममा मिन आङ ह्लाइङले राष्ट्रपति द्रौपदी मुर्मु, विदेशमन्त्री सुब्रह्मण्यम जयशङ्कर तथा राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभालसँग पनि भेटवार्ता गर्नुभएको थियो।

# अन्तर्राष्ट्रिय, मनोरञ्जन तथा खेलकुद समाचार

## आक्रमणमा ४ जनाको मृत्यु, १ सय ३७ जना घाइते

काठमाडौँ –
लेबनानको दक्षिणी शहर टायरस्थित जाबेल अमिल अस्पतालमा इजरायलले गरेको आक्रमणमा चारजनाको मृत्यु भएको लेबनानको स्वास्थ्य मन्त्रालयले जनाएको छ ।

सोमबार दिउँसो भएको हवाई आक्रमणका क्रममा अस्पताल क्षतिग्रस्त बनेको थियो । लेबनानको स्वास्थ्य मन्त्रालयले यस घटनाको भिडियो पनि सार्वजनिक गरेको छ, जहाँ अस्पतालभित्र रहेका महिला र बालबालिका काँपिरहेको देखिन्छ । त्यस्तै, अस्पतालका झ्यालहरुमा



आगो लागिरहेको थियो ।

घटनामा १ सय ३७ जना घाइते भएको र त्यसमध्ये ३९ जना अस्पतालका कर्मचारी रहेको मन्त्रालयले जनाएको छ । 'चार चिकित्सक, २७ नर्स र ८ प्रशासनिक कर्मचारीसहित ३९ जना कर्मचारी घाइते भएका छन्।

## नेपाल–भारत सीमा विवाद द्विपक्षीय संयन्त्रबाट समाधान गरिने : भारत

*दिल्ली, जेठ १९ –*
भारतको विदेश मन्त्रालयले नेपाल-भारत सीमा सम्बन्धी बाँकी विवादहरू दुवै देशबीचको स्थापित द्विपक्षीय संयन्त्रमार्फत समाधान गरिने स्पष्ट पारेको छ।
नयाँ दिल्लीमा आयोजित नियमित पत्रकार सम्मेलनमा मन्त्रालयका प्रवक्ता रणधीर जयसवाल ले नेपाल-भारत सीमांकनको करिब ९८ प्रतिशत काम सम्पन्न भइसकेको जानकारी दिँदै बाँकी रहेका प्राविधिक तथा विवादित विषयहरू पनि आपसी सहमति र संयन्त्रमार्फत टुंगो लगाइने बताए।
उनका अनुसार गण्डक नदीको धार परिवर्तनका कारण केही क्षेत्रमा सीमांकनसम्बन्धी प्राविधिक समस्या उत्पन्न भएको छ। साथै, पहिले नै सीमांकन सम्पन्न भइसकेका केही स्थानमा आवागमन तथा दशगजा क्षेत्रमा देखिएका अतिक्रमणसम्बन्धी



विषयमा दुवै देशका अधिकारीहरूले संयुक्त अध्ययन र नक्सांकनको काम गरिरहेका छन्।
नेपाल सरकार तथा परराष्ट्र मन्त्रालयका पछिल्ला धारणा सम्बन्धी प्रश्नको जवाफ दिँदै जयसवालले सीमा विवाद नेपाल र भारतबीचको द्विपक्षीय विषय भएकाले यसको समाधान पनि दुई देशबीचकै संवाद र संयन्त्रबाट हुने बताए। उनले यस प्रक्रियामा कुनै तेस्रो पक्षको भूमिका नहुने स्पष्ट पारे। प्रवक्ता जयसवालले नेपाल र क्ष्लमष्ब बीचको सम्बन्ध ऐतिहासिक, राजनीतिक, आर्थिक तथा जनस्तरसम्म गहिरो रहेको उल्लेख गर्दै पछिल्ला उच्चस्तरीय भ्रमण तथा भेटवार्ताले द्विपक्षीय सम्बन्धलाई अझ मजबुत बनाइरहेको धारणा व्यक्त गरे।

## एक जुग...

सहभागी नेताले पटक पटक सम्झिएका छन् । तत्कालीन माओवादी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले त्यही अडान पटक पटक दोहोऱ्याउनु भएको थियो । गिरिजाबाबु पछि हट्नुभएन । बरु उहाँले दाहाललाई सम्झाइरहनुभयो- 'निरङ्कुश राजतन्त्रको अन्त्य भनेकै अन्ततः राजतन्त्रको अन्त्य नै हो ।' त्यो विश्वासकै आधारमा अन्य दल पनि सहमत भए । लोकतन्त्र कमजोर हुँदै गइरहेको, दलहरू विभाजित भइरहेको र माओवादी द्वन्द्व चर्किरहेका बेला दरबार आफूलाई अन्तिम निर्णायक शक्ति ठान्न थालेको थियो ।

माओवादी द्वन्द्व चर्किंदै जाँदा उसले सैनिक ब्यारेकमा आक्रमण गऱ्यो, अनि २०५८ मङ्सिर ११ गते सङ्कटकाल घोषणा भयो । लोकतन्त्र सङ्कुचित हुँदै गयो । संविधानका धारा निलम्बन गरेर प्रतिबन्ध लगाइएका दलसमेत विभाजित हुन थाले । संसद् विघटन भइसकेको थियो । नेपाली कांग्रेस पनि फुटेको थियो । सत्ता र प्रतिपक्षको सीमारेखा धुमिल बन्दै गयो । यता जङ्गलमा माओवादी सङ्घर्ष झन् हिंसात्मक हुँदै थियो ।

यही अराजकताका बिचमा गिरिजाबाबुले एउटा असम्भव जस्तै देखिने बाटो रोज्नुभयो- माओवादीलाई राजनीतिको मूलधारमा ल्याउने । त्यो निर्णयले उहाँको सम्पूर्ण राजनीतिक जीवन नै जोखिममा पारिदियो । किनकि धेरैका लागि माओवादी 'राज्य विद्रोही' थिए । गिरिजाबाबुले उनीहरूलाई केवल बन्दुकधारी समूहका रूपमा मात्रै हेर्नुभएन । उहाँले बुझ्नुभयो- राजनीतिक समस्या अन्ततः राजनीतिक समाधानबाटै टुङ्गिन्छ । अर्थात् लोकतन्त्रको जीवन सहमति, सहकार्य र सहअस्तित्वको स्वीकार्यताबाट मात्रै सम्भव हुन्छ । यही कारण उहाँले सडक आन्दोलनको नेतृत्व गर्नुभयो । संसद् पुनर्स्थापनालाई 'बटमलाइन' बनाउनुभयो । संसदीय दल, नागरिक समाज, अन्तर्राष्ट्रिय समुदाय र अन्ततः माओवादीलाई एउटै राजनीतिक दिशामा ल्याउनुभयो । २०६२/६३ को आन्दोलन त्यसैले केवल सडक आन्दोलन थिएन । त्यो बहुपक्षीय राजनीतिक चातुर्यको परिणाम थियो ।

## महिला ...

अशिक्षा तथा परम्परागत सोचका कारण महिलाहरू अझै पनि विभिन्न प्रकारका हिंसाको सिकार बन्नुपरेको उल्लेख गर्दै उनले हिंसा न्यूनीकरणका लागि सबै निकायले सक्रिय भूमिका खेल्नुपर्ने बताइन्।
कार्यक्रममा प्रमुख जिल्ला अधिकारी मिश्रले महिला तथा बालबालिकाको सुरक्षा र न्यायका विषयमा जिल्ला प्रशासन सधैँ संवेदनशील रहेको बताउँदै कुनै पनि पीडितलाई अन्याय हुन नदिने प्रतिबद्धता व्यक्त गरे। उनले हिंसाका घटनामा निष्पक्ष अनुसन्धान गरी दोषीलाई कानुनी दायरामा ल्याइने बताए।
जिल्ला प्रहरी कार्यालय बाराका प्रहरी उपरीक्षक नरेन्द्र कुँवरले चालु आर्थिक वर्ष २०८२/८३ मा ८४७ वटा उजुरी प्रहरीमा दर्ता भएको जानकारी दिए। उनले हाल बारामा १३३ जना बालिका हराएको विवरण प्रहरी अभिलेखमा रहेको र अधिकांश घटना किशोर-किशोरीबीचको प्रेम सम्बन्धका कारण भएको बताए। धेरै विवाद सहमति र मेलमिलापमार्फत समाधान गरिएको उनले जानकारी दिए।
नेपाल पत्रकार महासंघ बारा शाखाका उपाध्यक्ष पन्नालाल दासले ग्रामीण क्षेत्रमा अझै पनि गरिब, विपन्न, दलित तथा एकल महिलाहरू बोक्सीको आरोपलगायतका सामाजिक विभेद र हिंसाको सिकार बन्ने गरेको उल्लेख गर्दै यस्ता घटनामा दोषीलाई कानुनी कारबाही गर्न र दबाबका आधारमा हुने मिलापत्रलाई निरुत्साहित गर्न आग्रह गरे।
महिला सञ्जाल बाराकी अध्यक्ष बबिता जयसवालले हिंसापीडित महिला तथा बालिकाका लागि सुरक्षित आवास (सेफ हाउस) आवश्यक रहेको बताइन्। बाल हेल्पलाइन १०९८ बाराका कृष्णा यादवले हराएका तथा हिंसामा परेका बालबालिकाको उद्धार, पुनर्स्थापना र कानुनी सहायताबारे जानकारी गराएका थिए। यस्तै, ओसिएमसीकी शोभा राजवंशीले महिला हिंसासम्बन्धी घटनाको अवस्था र सेवा प्रवाहबारे जानकारी दिएकी थिइन्।
कार्यक्रममा जिल्ला न्यायाधिवक्ता शम्भु बस्नेत, सहायक प्रमुख जिल्ला अधिकारी छविरमण भट्टराई, नेपाली सेनाका प्रमुख सेनानी गिरिराज गौतम, सशस्त्र प्रहरी उपरीक्षक विशाल सिलवाल, राष्ट्रिय अनुसन्धान विभागका उप निर्देशक सरोज निरौला, प्रहरी निरीक्षक दिलीप थापालगायत विभिन्न सरकारी तथा गैरसरकारी निकायका प्रतिनिधिहरूको सहभागिता रहेको थियो।
छलफलमा सहभागीहरूले महिला तथा बालबालिकामाथि हुने हिंसा न्यूनीकरण, कानुनको प्रभावकारी कार्यान्वयन, सामाजिक सचेतना अभिवृद्धि तथा सरोकारवाला निकायबीच समन्वयलाई थप प्रभावकारी बनाउनुपर्नेमा जोड दिएका थिए।

## मन्त्रिपरिषद्...

कूटनीतिक माध्यमबाट खोज्न सरकार प्रतिबद्ध रहेको बताए। उनले प्रधानमन्त्रीको संसदमा व्यक्त धारणालाई लिएर भइरहेको व्याख्या सही नभएको उल्लेख गर्दै नेपालले भारतको भूमि अतिक्रमण गरेको भन्ने आशय प्रधानमन्त्रीको नभएको स्पष्ट पारे।
यस्तै, जेनजी आन्दोलनसम्बन्धी राष्ट्रिय मानव अधिकार आयोग को प्रतिवेदन औपचारिक रूपमा प्राप्त भएपछि सरकारले आवश्यक प्रक्रिया अगाडि बढाउने जनाएको छ।

## ठगी...

अभियोगपत्रमा करिब ६ करोड ५२ लाख रुपैयाँ बिगो कायम गरिएको छ।

अनुसन्धान अनुसार उनले एक व्यवसायीलाई बलात्कार मुद्दामा फसाइदिने धम्की दिँदै निरन्तर ब्ल्याकमेलिङ गरेर करिब ४ करोड ५० लाख रुपैयाँ बराबरको नगद तथा जिन्सी असुलेको आरोप छ।

प्रहरीका अनुसार यो प्रकरणमा अन्य १० जना प्रतिवादीसमेत संलग्न रहेको उल्लेख छ। तुलसा अधिकारी 'तुलसा कलेक्सन प्रालि'की सञ्चालक रहेको बताइएको छ।

इन्टरपोलमार्फत रेड नोटिस जारी भएपछि विदेशमा लुकेर बसेकी उनलाई समन्वयका आधारमा पक्राउ गरिएको हो। प्रहरीका अनुसार आर्थिक कारोबार, धम्की र आपराधिक लाभसम्बन्धी पक्षमा थप अनुसन्धान भइरहेको छ।


मुद्दा विचाराधीन अवस्थामा रहेकाले अन्तिम फैसला नआएसम्म उनलाई कानुनी रूपमा दोषी मानिएको छैन। प्रहरीले अन्य संलग्न व्यक्तिहरूको खोजी तथा अनुसन्धान जारी राखेको

## यातायात...


सरकारी राजस्वमा क्षति पुऱ्याइएको हुनसक्ने आरोप छ।
आरोप सार्वजनिक भएपछि सम्बन्धित निकाय–मधेस प्रदेश अर्थ मन्त्रालय, अख्तियार दुरुपयोग अनुसन्धान आयोग तथा सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग–बाट निष्पक्ष छानबिन हुनुपर्ने माग उठेको छ।
समाचार तयार पार्दासम्म आरोपित पक्षको औपचारिक प्रतिक्रिया प्राप्त हुन सकेको छैन। प्रतिक्रिया आएमा त्यसलाई समावेश गरिने जनाइएको छ।

## स्वदेश...


तयारी गरिएको छ।
प्रारम्भिक चरणमा पाइलट परियोजनाका रूपमा कार्यक्रम सञ्चालन गर्ने योजना छ। यसका लागि उदयपुर सिमेन्ट उद्योगलाई केन्द्रमा राखेर अध्ययनसमेत गरिएको बताइएको छ। सरकारको अपेक्षाअनुसार योजना सफल भए वर्षेनि हुने रासायनिक मलको अभाव कम हुनुका साथै मल आयातमा खर्च हुने ठूलो रकम बचत हुनेछ।
यद्यपि, योजनाबारे ऊर्जा क्षेत्रका केही विज्ञहरूले प्रश्न उठाएका छन्। उनीहरूले विद्युत् प्राधिकरणको मुख्य काम विद्युत् उत्पादन, प्रसारण र वितरण भएकाले मल उद्योग सञ्चालनमा प्रत्यक्ष संलग्न हुनु उपयुक्त नहुने धारणा व्यक्त गरेका छन्।
सरकार भने अतिरिक्त विद्युत्को उपयोग, मलमा आत्मनिर्भरता र वातावरणमैत्री उत्पादन प्रणालीलाई ध्यानमा राख्दै ग्रिन युरिया परियोजनालाई अगाडि बढाउने तयारीमा रहेको छ।

तातो हावा वा लू बाट बच्ने उपायहरु

- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।


कलैया उपमहानगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु

- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।


महागढीमाई नगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु

- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

निजगढ नगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु

- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

जीतपुरसिमरा उपमहानगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु

- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

कोल्हवी नगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

# पूर्व गृहमन्त्री सुधन गुरुङसम्बन्धी छानबिन समितिको म्याद ५ दिन थप

***काठमाडौं, जेठ १९ –***
पूर्व गृहमन्त्री सुधन गुरुङ बारे छानबिन गर्न गठित समितिको म्याद मन्त्रिपरिषद्ले थप ५ दिनका लागि विस्तार गरेको छ।

मंगलबार बसेको मन्त्रिपरिषद् बैठकले समितिलाई प्रतिवेदन तयार गरी बुझाउन थप समय दिएको हो। समितिले प्रतिवेदन लेखन कार्य बाँकी रहेको जनाउँदै जेठ १८ गते थप समय माग गरेको थियो।

समितिका अध्यक्ष पूर्व न्यायाधीश अच्युतप्रसाद भण्डारीका अनुसार प्रतिवेदन लेखनको काम अन्तिम चरणमा पुगेको र थपिएको समयभित्र बुझाइने तयारी छ।

समितिका सदस्य अच्युतमणि नेउपाने ले पनि छानबिनको अधिकांश काम सकिएको र प्रतिवेदन लेखन मात्र बाँकी रहेको जानकारी दिएका छन्।




सरकारले वैशाख २८ गते भण्डारीको नेतृत्वमा समिति गठन गरेको थियो। समितिमा महालेखा नियन्त्रक शोभकान्त पौडेल र महान्यायाधिवक्ताको कार्यालयका सहन्यायाधिवक्ता नेउपाने सदस्य रहेका छन्। छानबिनमा व्यवसायी दीपक भट्ट सँग सम्बन्धित लिबर्टी माइक्रो इन्स्योरेन्स र स्टार माइक्रो इन्स्योरेन्सको सेयर खरिद प्रकरण पनि समेटिएको छ। समितिले प्रमाण संकलन तथा बयान लिने काम पूरा गरिसकेको बताइएको छ।

प्रारम्भिक विवरणअनुसार गुरुङले करिब ५० लाख रुपैयाँ बराबरको सेयर खरिद गरेको देखिएको छ भने रकम स्रोतबारे प्रश्न उठेपछि उनले सापटी लिएर लगानी गरेको दाबी गरेका छन्। अब समितिले अन्तिम प्रतिवेदन तयार पार्ने तयारी गरिरहेको छ।

# यातायात कार्यालय बिरगञ्जको लेखा शाखामा राजस्व अनियमितता को आरोप

***वीरगञ्ज, जेठ १९ –***
यातायात व्यवस्था कार्यालय वीरगञ्जको लेखा शाखामा राजस्व संकलन तथा नगदी रसिद वितरण प्रक्रियामा अनियमितता भएको आरोप सार्वजनिक भएको छ।




विभिन्न स्रोत तथा सेवाग्राहीहरूले कार्यालयका केही कर्मचारीको संलग्नतामा दैनिक रूपमा लाखौं रुपैयाँ बराबरको राजस्व हिनामिना हुने गरेको दाबी गरेका छन्।
आरोपअनुसार लेखा प्रमुख दिनेश प्रसाद पण्डित को निर्देशनमा केही कर्मचारी तथा कार्यालय सहयोगीमार्फत सेवाग्राहीसँग अनावश्यक झमेला सिर्जना गरी अतिरिक्त रकम असुल्ने गरिएको छ।
सेवाग्राहीका अनुसार बैंकमा राजस्व दाखिला गरेपछि रसिद लिन जाँदा विभिन्न बहानामा ढिलाइ गरिने र कतिपय अवस्थामा अतिरिक्त रकम मागिने गरेको गुनासो छ। आवश्यक नभएका कागजातसमेत मागेर सेवाग्राहीलाई हैरानी दिने गरिएको आरोप पनि छ।
स्रोतका अनुसार केही सेवाग्राही तथा लेखनदाससँग मिलेमतो गरी एकमुष्ट रकम उठाउने र राजस्व दाखिला प्रक्रियामा गडबडी गर्ने गरिएको आशंका गरिएको छ। बैंकमा दाखिला भएको रकम र कार्यालयले जारी गरेको नगदी रसिदबीच फरक देखिएको दाबीसमेत गरिएको छ।
कार्यालयका सूचना अधिकारीसँग विवरणबारे जिज्ञासा राख्दा आर्थिक वर्ष सकिएपछि मात्र पूर्ण विवरण उपलब्ध गराउन सकिने प्रतिक्रिया आएको बताइएको छ।
यस्तै, सवारी कर निर्धारण प्रक्रियामा समेत अनियमितता भएको आशंका गरिएको छ। लामो समयदेखि कर नतिरेका सवारीधनीसँग मिलेमतो गरी

बाँकी तेस्रो पृष्ठमा

# अनलाइन भन्सार प्रणाली लागू भएपछि वीरगञ्जमा सेवाग्राहीलाई समस्या

वीरगञ्ज, जेठ १९ –
भारतबाट नेपाल प्रवेश गर्ने सवारी साधनको भन्सार प्रक्रिया अनलाइन प्रणालीमार्फत अनिवार्य गरेपछि वीरगञ्ज भन्सार कार्यालयमा सेवाग्राहीले लामो समय लाइनमा बस्नुपर्ने अवस्था बनेको छ।
नयाँ प्रणाली लागू भएसँगै भन्सार नाकामा आउने सवारी चालक तथा यात्रुहरू ३ देखि ४ घण्टासम्म प्रतीक्षामा बस्न बाध्य भएका छन्। सेवाग्राहीहरूले सेवा प्रवाह ढिलो हुँदा ठूलो असुविधा भएको गुनासो गरेका छन्।
सेवाग्राहीका अनुसार आवश्यक पूर्वाधार, जनशक्ति र प्राविधिक तयारी पर्याप्त नभई प्रणाली लागू गर्दा काम झनै जटिल बनेको छ। यसले सीमावर्ती नाकामा भीड



बढ्नुका साथै यात्रुहरूलाई अनावश्यक हैरानी भएको उनीहरूको भनाइ छ।
भन्सार कार्यालयका कर्मचारीहरूले पनि पर्याप्त तालिम र तयारीबिना प्रणाली सञ्चालनमा ल्याइएकाले काम गर्न कठिनाइ भइरहेको स्वीकार गरेका छन्।
सीमावर्ती क्षेत्रमा सेवा प्रवाह प्रभावकारी बनाउन जनशक्ति व्यवस्थापन, प्राविधिक सुधार र थप तयारी आवश्यक रहेको सेवाग्राही तथा कर्मचारी दुवैको धारणा छ।

# भ्रष्टाचार मुद्दामा मधेसका निलम्बित सांसद सिंहलाई ४ वर्ष १ महिना कैद

***काठमाडौं, जेठ १९ –***
विशेष अदालतले मधेस प्रदेशका निलम्बित प्रदेशसभा सदस्य सरोज कुमार सिंह लाई भ्रष्टाचार मुद्दामा दोषी ठहर गर्दै ४ वर्ष १ महिना कैद र ३८ लाख ५० हजार १३९ रुपैयाँ जरिवानाको सजाय सुनाएको छ।
विशेष अदालतका अध्यक्ष सुदर्शनदेव भट्ट तथा सदस्यहरू उमेश कोइराला र विदुर कोइरालाको इजलासले मंगलबार उक्त फैसला गरेको हो। अदालतले उनलाई घुस तथा कमिसनबापत प्राप्त रकम सरकारी कोषमा जफत गर्न र क्षतिपूर्ति रकम पीडित राहत कोषमा जम्मा गर्न समेत आदेश दिएको छ।



अदालतको ठहरअनुसार सिंहले विभिन्न उपभोक्ता समितिहरूमार्फत विकास निर्माण योजनासँग सम्बन्धित रकमबाट अनियमित रूपमा घुस तथा कमिसन लिएको पुष्टि भएको छ। सो रकम कुल ३८ लाख ५० हजार १३९ रुपैयाँ बराबर रहेको उल्लेख छ। अदालतमा प्रस्तुत प्रमाणअनुसार उपभोक्ता समितिहरूको खातामा जम्मा भएको रकम स्वकीय सचिवमार्फत निकालेर व्यक्तिगत तथा संयुक्त बैंक खातामा स्थानान्तरण गरिएको देखिएको थियो। सोही आधारमा रकम हिनामिना भएको ठहर गरिएको हो। अदालतले भ्रष्टाचार निवारण ऐनअनुसार बिगो बराबरको रकम जफत गर्न र थप कानुनी कारबाही कार्यान्वयन गर्न सम्बन्धित निकायलाई आदेश दिएको छ।फैसला पछि सिंहलाई कैद सजाय भोग्नुपर्ने र जरिवाना तिर्नुपर्ने भएको छ। उनी हाल निलम्बित अवस्थामा रहेका थिए।

# ठगी र ब्ल्याकमेलिङ प्रकरणमा “टिकटक स्टार” तुलसा अधिकारी थाइल्यान्डबाट पक्राउ

***काठमाडौं ।, जेठ १७ –***
बलात्कार मुद्दामा फसाइदिने धम्की दिँदै व्यवसायीसँग करोडौं रुपैयाँ ठगी गरेको आरोपमा ‘टिकटक स्टार’ भनेर चिनिने तुलसा अधिकारी लाई थाइल्यान्डबाट पक्राउ गरी नेपाल ल्याइएको छ।

जिल्ला प्रहरी परिसर ललितपुरका अनुसार उनीविरुद्ध इन्टरपोलमार्फत रेड नोटिस जारी गरिएको थियो। सोही आधारमा अन्तर्राष्ट्रिय समन्वयमार्फत उनलाई पक्राउ गरी नेपाल ल्याइएको हो।




अधिकारीमाथि ललितपुर जिल्ला अदालतमा सम्पत्ति शुद्धीकरण, आपराधिक लाभ र ठगीसम्बन्धी मुद्दा दायर भइसकेको छ। सरकारी वकिल कार्यालयले २०८२ चैतमा दायर गरेको

बाँकी तेस्रो पृष्ठमा


# स्वदेशमै ग्रिन युरिया मल उत्पादनको तयारी, सहुलियत बिजुली र खरिद ग्यारेन्टी दिने सरकारको योजना

काठमाडौं, जेठ १९ –
सरकारले स्वदेशी जलविद्युत्को उपयोग गर्दै नेपालमै ग्रिन युरिया (हरित युरिया) मल उत्पादन गर्ने योजना अघि बढाएको छ। आगामी आर्थिक वर्ष २०८३/८४ को बजेटमार्फत सार्वजनिक गरिएको यो योजनाअनुसार नेपाल विद्युत् प्राधिकरण र निजी क्षेत्रको सहकार्यमा कम्पनी मोडेलमा मल उद्योग सञ्चालन गरिनेछ।
सरकारले निजी लगानी आकर्षित गर्न उत्पादित मलको खरिद ग्यारेन्टी गर्ने तथा उद्योगलाई सहुलियत दरमा विद्युत् उपलब्ध गराउने व्यवस्था मिलाउने जनाएको छ। सरकारी अध्ययनहरूले नेपालमा ग्रिन युरिया उत्पादन सम्भव रहेको निष्कर्ष निकालेपछि पहिलो पटक यो अवधारणा बजेटमा समावेश गरिएको हो।
योजनाअनुसार जलविद्युत्को प्रयोगबाट पानीलाई विच्छेदन गरी हाइड्रोजन उत्पादन गरिनेछ। हाइड्रोजनलाई हावाबाट प्राप्त नाइट्रोजनसँग मिसाएर अमोनिया र त्यसपछि कार्बनडाइअक्साइडसँग संयोजन गरी युरिया मल उत्पादन गरिनेछ। आवश्यक कार्बनडाइअक्साइड उद्योगहरूबाट निस्कने वेस्ट ग्यासबाट प्राप्त गर्ने


बाँकी तेस्रो पृष्ठमा

तातो हावा वा लू बाट बच्ने उपायहरु

- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।


सुवर्ण गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु

- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

फेटा गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु

- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

परवानीपुर गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु

- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

कोल्हवी नगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।